गण्डकी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

## प्रदेशभित्रका स्वास्थ्य संस्थाहरूको नवीकरणसम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३/०१/२४)

गण्डकी प्रदेश सभाबाट स्वीकृत "**गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२**" मिति २०८३/०१/०४ मा प्रदेश राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको छ। उक्त ऐनको दफा १३ को उपदफा (६) मा "हाल सञ्चालनमा रहेका र नवीकरण नभएका स्वास्थ्य संस्थाहरूले यो ऐन जारी भएको ६ (छ) महिना भित्र साविक बमोजिम हुने नवीकरण दस्तुर एकमुष्ठ बुझाई सञ्चालन अनुमती लिई सक्नुपर्नेछ" भन्ने व्यवस्था गरेको छ। सोही प्रावधानबमोजिम हाल सञ्चालनमा रहेका र नवीकरणका लागि तोकिएको म्यादभित्र सम्बन्धित निकायमा रितपूर्वक निवेदन दर्ता नगरेका स्वास्थ्य संस्थाहरुले नवीकरणका लागि २०८३ साल श्रावण मसान्त सम्म देहाय बमोजिमका निकायमा निवेदन पेश गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहायः**

| क्र.सं. | स्वास्थ्य संस्था | निवेदन दिने निकाय |
|---|---|---|
| १. | डेन्टल क्लिनिक, आँखा उपचार केन्द्र, विशेषज्ञ क्लिनिक, पोलिक्लिनिक र पच्चीस शय्यासम्मका निजी, सामुदायिक एवं सहकारी अस्पताल | कास्की जिल्लाको हकमा प्रादेशिक जनस्वास्थ्य केन्द्र, पोखरा र अन्य जिल्लाहरूको हकमा सम्बन्धित जिल्लास्थित प्रदेश जनस्वास्थ्य कार्यालय |
| २. | आयुर्वेद पोलिक्लिनिक | सम्बन्धित जिल्लास्थित आयुर्वेद अस्पताल, प्रदेश आयुर्वेद चिकित्सालय |
| ३. | पचास देखि दुई सय शय्यासम्मका निजी, सामुदायिक एवं सहकारी अस्पताल, पच्चीस शय्या देखि पचास शय्यासम्मका आयुर्वेद अस्पताल, पच्चीस शय्यासम्मका डायलायसिस र पुनर्स्थापना केन्द्र | स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश |

**पुनश्चः** निवेदनको ढाँचा लगायतको जानकारीका लागि https://moh.gandaki.gov.np मा रहेको "**स्वास्थ्य संस्थाको दर्ता, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२**" हेर्न सकिनेछ।